RR Interdisciplinary Journal
Vol. 5, No. 5, 73-79, December, 2024 (2081 Mangsir)
https://doi.org/10.3126/rrij.v5i5.78926

# पारिजातको नाटकको चौथो चरण कथामा वर्गसङ्घर्ष

**डा. अशोक थापा**[1]

## लेखसार

*प्रस्तुत अनुसन्धानमूलक लेखमा कथाकार पारिजातको नाटकको चौथो चरण कथालाई वर्गसङ्घर्षको दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यस कथामा एक गरिब किसान नैनबहादुरको जीवनसङ्घर्षलाई केन्द्रमा राख्दै सामाजिक, आर्थिक र संस्थागत अवरोधहरूलाई उजागर गर्नमा केन्द्रित विषयको उठान गरिएको छ । मार्क्सवादी सिद्धान्तको परिप्रेक्ष्यमा यो कथा पुँजीवादी व्यवस्थामा श्रमजीवी वर्गले भोग्नुपरेको अन्याय र दमनको वास्तविक दस्तावेज बनेको छ । गुणात्मक अनुसन्धान पद्धतिलाई अवलम्बन गर्दै यस लेखमा पुस्तकालय अनुसन्धान कार्यको प्रयोग गरिएको छ । कथाको पात्र, परिवेश, संरचना र कथात्मक प्रविधिहरूलाई मार्क्सवादी सिद्धान्तको आलोकमा विश्लेषण गरिएको छ । कथामा नैनबहादुरको सङ्घर्षमार्फत अस्पतालको अमानवीय व्यवहार, सरकारी सेवाको सीमित पहुँच र श्रमिक वर्गमाथि हुने संरचनागत दमनलाई सजीव रूपमा प्रस्तुत गरिएको छ । कथा श्रमजीवी समुदायको शोषणलाई तिखो रूपमा चित्रण गर्दै पुँजीवादी व्यवस्थाको निर्ममता उजागर गर्नमा केन्द्रित छ । नैनबहादुरको सङ्घषनेपाली समाजमा वर्गीय संरचनाको असमानता र राज्यसत्ताको असंवेदनशीलतालाई कथामा प्रतिबिम्बित गरिएको छ । कथाले निम्न वर्गका नागरिकहरू कसरी सामाजिक संरचनाले थिचिएका छन् भन्ने कुरालाई स्पष्ट पार्छ । पारिजातको लेखनीले पाठकमा सामाजिक चेतना अभिवृद्धि गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको निष्कर्ष निकालिएको छ । यस अनुसन्धानमूलक लेखले के देखाउँछ भने नाटकको चौथो चरण कथा नेपाली समाजमा वर्गसङ्घर्षको प्रबल उपस्थिति दर्शाउने महत्वपूर्ण कथा हो । नेपाली साहित्यमा वर्गीय अन्यायको अध्ययन गर्न चाहनेहरूका लागि यो लेख एक उपयोगी सन्दर्भ बन्न पुगेको छ ।*

***शब्दकुञ्जी:*** अर्थराजनीति, पुँजीवाद, राज्यसत्ता, श्रमिक वर्ग, सामाजिक न्याय

## विषय परिचय

पारिजात (वि.सं. १९९४-२०५०) नेपाली कथा साहित्यकी प्रतिभाशाली र प्रभावशाली स्रष्टा हुन् । कथा, उपन्यास, कविता, नाटक तथा संस्मरणलेखनमा उनको उल्लेखनीय योगदान देखिन्छ । विशेष गरी उनी एक उत्कृष्ट कथाकारका रूपमा परिचित छिन् । नेपाली गद्य साहित्यमा उनले महत्वपूर्ण छाप छोडेकी छन् ।

उनका *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँशु* (२०४३) र *वधशाला जाँदा आउँदा* (२०४९) जस्ता चर्चित कथासङ्ग्रह प्रकाशित छन् । प्रारम्भिक लेखनमा उनले जीवनका कटुयथार्थ उजागर गर्दै निराशावादी र नकारात्मक दृष्टिकोण प्रस्तुत गरेकी थिइन् भने पछिल्ला रचनाहरूमा भने उनले जीवनप्रति आशावादी सोच प्रकट गरेकी छन् ।

उनको लेखनमा व्यक्तिगत, सामाजिक तथा समकालीन विसङ्गतिहरूप्रति आक्रोश र विद्रोह स्पष्ट देखिन्छ । उनले आर्थिक असमानता तथा मानवीय मूल्यहरूको ह्रासले सिर्जेका गम्भीर समस्याहरूलाई कलात्मक ढङ्गले कथामार्फत उजागर गरेकी छन् । पारिजातका कथाहरू राज्यबाट उपेक्षित गरिब, कृषक, श्रमिक, दलित, महिला तथा आर्थिक, सामाजिक, राजनीतिक वा सांस्कृतिक रूपमा उत्पीडित समूहहरूको पीडा अभिव्यक्त गर्न केन्द्रित छन् । *नाटकको चौथो चरण* यस्तै वर्गीय पात्रको चित्रण गरिएको महत्वपूर्ण कथा हो ।

---

[1] उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल । Email:kazithapa@gmail.com, Orcrid: https://orcid.org/0009-0004-5743-742X

यस कथामा गरिबी, अभाव र राज्यको उपेक्षाका कारण निम्न वर्गका मानिसहरू कसरी उपचार नपाएर मृत्यु स्वीकार गर्न बाध्य हुन्छन् भन्ने यथार्थलाई मार्मिक रूपमा चित्रण गरिएको छ । यद्यपि, कथाको विविध कोणबाट विश्लेषण गरिएको भए पनि वर्गसङ्घर्षको परिप्रेक्ष्यमा पर्याप्त अनुसन्धान भएको पाइँदैन । त्यसैले, यस कथाको वर्गसङ्घर्षको दृष्टिकोणबाट समीक्षात्मक अध्ययन गर्नु आवश्यक छ ।

मार्क्सवादी सिद्धान्तअनुसार, वर्गसङ्घषसमाजको ऐतिहासिक विकासको आधारभूत शक्ति हो । कार्ल मार्क्सका अनुसार, सम्पूर्ण मानव इतिहास शासकवर्ग (बुर्जुवा) र श्रमिकवर्ग (प्रोलिटरियट) बीचको निरन्तर द्वन्द्वको इतिहास हो । उत्पादनका साधनहरू माथि नियन्त्रण राख्ने पूँजीपति वर्गले श्रमिकवर्गको श्रमशोषण गरेर नाफा कमाउँछ जसले आर्थिक असमानता र सामाजिक अन्याय जन्माउँछ । मार्क्सका दृष्टिकोणमा यस्तो शोषणयुक्त संरचनाको अन्त्य केवल श्रमिक वर्गको क्रान्तिबाट सम्भव छ जसले वर्गविहीन समाज अर्थात् साम्यवादको स्थापनाको मार्ग प्रशस्त गर्छ ।

वर्गसङ्घषकेवल आर्थिक पक्षमा सीमित छैन; यसले सांस्कृतिक, राजनीतिक तथा सामाजिक संरचनामा पनि प्रभाव पार्छ । इतिहासमा देखिएका सामाजिक परिवर्तनहरू प्रायः वर्गसङ्घर्षकै परिणामस्वरूप भएका छन् । मार्क्सवादका अनुयायीहरू समाजवादलाई यस समस्याको समाधानको रूपमा हेर्छन् ।

वर्गसङ्घषसाहित्यमा बारम्बार चित्रित हुने विषय हो, जसले विभिन्न सामाजिक वर्गहरूबीचको तनाव, न्याय, समानता तथा सत्ताको खोजीलाई प्रतिबिम्बित गर्छ । मार्क्सवादी चिन्तनमा जरा गाडेको यो विषयवस्तुले आर्थिक असमानता, शोषण तथा सत्तासीन अभिजात वर्गविरुद्ध श्रमिक वर्गको प्रतिरोधलाई उजागर गर्छ ।
यस सन्दर्भमा *नाटकको चौथो चरण* कथामा प्रस्तुत वर्गसङ्घर्षलाई व्याख्या गर्दै निष्कर्षमा पुग्नु सान्दर्भिक हुन्छ । कथाको वर्गसङ्घर्षको कोणबाट गहिराइपूर्वक विश्लेषण गरी त्यसबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गर्नु नै यस लेखको प्रमुख उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत लेखमा कार्ल मार्क्सको वर्गसङ्घर्षसम्बन्धी सैद्धान्तिक मान्यता र अवधारणाहरूको सापेक्षतामा *नाटकको चौथो चरण* कथाको विश्लेषण गरिएको छ । यस अध्ययनमा मार्क्सको वर्गसङ्घर्षसम्बन्धी विचारलाई प्रमुख आधार मानिएको छ भने अन्य व्याख्याताहरूका दृष्टिकोणलाई पनि सार्नदर्भिक रूपमा समावेश गरिएको छ ।

अध्ययन समस्याको प्राज्ञिक तथा प्रमाणिक समाधानका लागि व्याख्यात्मक र विवरणात्मक विधिहरूको प्रयोग गरिएको छ । विश्लेषण प्रक्रियामा वर्गसङ्घर्षका सूचकहरू तयार गरी ती आधारमा सामग्रीको अध्ययन गरिएको छ । मार्क्सवादी सैद्धान्तिक आधारलाई प्राथमिक सामग्री विश्लेषणका लागि केन्द्रबिन्दु बनाइएको छ । अध्ययन मुख्य रूपमा वर्गसङ्घर्षसम्बन्धी भएकाले यहाँ पाठविश्लेषण विधि अवलम्बन गरिएको छ ।

सामग्रीविश्लेषणका लागि गुणात्मक पद्धति अपनाइएको छ जसमा पारिजातको *नाटकको चौथो चरण* कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । यससँग सम्बद्ध पूर्वाध्ययनहरूलाई द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । पुस्तकालयीय अनुसन्धानकार्यबाट सङ्कलित सामग्रीहरूको तथ्यपरक परीक्षण गरी त्यसकै आधारमा विश्लेषण गरिएको छ । यस अध्ययन पूर्णतः साहित्यिक अध्ययन भएकाले आवश्यक सम्पूर्ण सामग्री पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ ।

## सैद्धान्तिक स्वरूप

मार्क्सवादी सिद्धान्तको केन्द्रीय अवधारणा वर्गसङ्घषहो जसले सामाजिक-आर्थिक असमानताको अनुसन्धान गर्ने साहित्यिक अध्ययनका लागि एक प्रभावकारी दृष्टिकोण प्रदान गर्दछ । प्रस्तुत अध्ययनमा कार्ल मार्क्स, फ्रेडरिक एङ्गेल्स, एन्टोनियो ग्राम्सी र लुइस अल्थुसरका मौलिक विचारहरूलाई आधार मानेर चयन गरिएको कथामा वर्गसङ्घषकसरी अभिव्यक्त हुन्छ भन्ने विषयलाई मार्क्सवादी साहित्यिक आलोचनाको दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स (१८४८/२००२) का अनुसार इतिहास वर्गसङ्घर्षद्वारा सञ्चालित हुन्छ, जसमा पूँजीपति वर्ग (उत्पादनका साधनका मालिक) र सर्वहारा वर्ग (श्रमिक वर्ग) बीचको द्वन्द्व प्रमुख कारक हुन्छ

। यो आर्थिक सङ्घर्षले साहित्यसहित सांस्कृतिक तथा वैचारिक संरचनाहरूलाई प्रभावित गर्छ । मार्क्स र एङ्गेल्स (१८६७/१९९२) ले पूँजीवादले श्रमको शोषण गर्ने, सामाजिक-आर्थिक पदानुक्रमलाई बलियो पार्ने र शक्तिको असमान वितरणलाई निरन्तरता दिने तर्क प्रस्तुत गर्छन् ।

एन्टोनियो ग्राम्सी (१९७१) ले सांस्कृतिक प्रभुत्व (कल्चरल हेजीमनी) को अवधारणा प्रस्तुत गर्दै मार्क्सवादी सिद्धान्तलाई फराकिलो बनाउँछन् । उनकाअनुसार प्रभावशाली वर्गहरूले आफ्नो शक्ति स्थायी बनाउन वैचारिक वर्चस्व कायम गर्छन् । साहित्यले यी प्रभुत्ववादी संरचनाहरूलाई प्रतिबिम्बित र सुदृढ पार्न भूमिका निर्वाह गर्छन् जसले पाठकहरूको वर्गचेतनालाई सूक्ष्म रूपमा प्रभावित गर्दछ ।

लुइस अल्थुसर (१९७१) ले वैचारिक राज्य उपकरण (आइएसए) को अवधारणा प्रस्तुत गर्छन्, जसमा शिक्षा, धर्म र साहित्यजस्ता संस्थाहरूले प्रमुख वर्गका विचारधाराहरूलाई निरन्तरता दिने भूमिका निर्वाह गर्छन् । उनका अनुसार साहित्य विचारधाराको उत्पादन गर्ने माध्यम मात्र नभई विद्यमान सामाजिक मूल्यहरूलाई पुनःस्थापित गर्ने साधन पनि हो ।

मार्क्सवादी चिन्तनमा अर्थराजनीतिले वर्गीय सन्तुलनलाई प्रभाव पार्ने गर्दछ भनिन्छ । आर्थिक नीतिहरू प्रायः राजनीतिक निर्णयहरूबाट निर्देशित हुन्छन्, जहाँ सत्ताधारी वर्गले तिनीहरूलाई आफ्ना स्वार्थअनुसार ढाल्न प्रयत्न गर्छन् । उदाहरणका लागि, सरकारद्वारा लागू गरिने करनीति वा श्रमसम्बन्धी कानूनहरू अधिकांश अवस्थामा तल्लो वर्गलाई केन्द्रित गर्नुपर्ने हुन्छ, तर व्यवहारमा प्रायः ती शक्तिशाली वर्गको हितमा निर्देशित हुन्छन् ।

वर्गसङ्घर्षको चर्चा गर्दा पूँजीवादले निजी स्वामित्व र नाफाप्रधान आधारमा उत्पादन तथा वितरणलाई सङ्गठित गर्छ । यस व्यवस्थामा वर्गीय सङ्घषअनिवार्य रूपमा देखा पर्छ किनभने उत्पादनका साधनहरूमा शासक वर्ग (बुर्जुवा) को नियन्त्रण रहन्छ, जबकि श्रमिक वर्ग (सर्वहारा) ले श्रम बेच्न बाध्य हुन्छ । नाफा अधिकतम गर्ने प्रयास र श्रमिकलाई उचित पारिश्रमिक दिलाउने प्रयासबीचको असन्तुलनले निरन्तर वर्गसङ्घर्षको स्थिति सिर्जना गर्दछ ।

राज्यसत्ताले आमजनताको हितमा क्रियाशील हुनुपर्ने हो, तर पूँजीवादी संरचनामा श्रमिक वर्गलाई सहयोग गर्ने नीतिहरू न्यून देखिन्छन् । बरु, सरकारहरू नियमनमुक्ति, निजीकरण तथा श्रम आन्दोलनहरूको दमनजस्ता रणनीतिहरू अवलम्बन गर्दै प्रायः पूँजीपतिको हितमा कार्य गर्छन् ।

वर्गसङ्घर्षको सन्दर्भमा सामाजिक न्यायको अवधारणाले आर्थिक समानता, श्रमिक अधिकार तथा वर्गीय उत्पीडनको अन्त्यका लागि प्रणालीगत परिवर्तनको माग गर्दछ । यसले जाति, लिङ्ग र जातीय विभेदसँग सम्बन्धित गहिरो असमानतालाई उजागर गर्दै पूँजीवादी व्यवस्थाले कसरी सीमान्तकृत समुदायहरूको दोहनलाई अझ तीव्र बनाउँछ भन्ने कुरालाई स्पष्ट पार्दछ ।

कथासाहित्यमा वर्गसङ्घर्षलाई प्रायः चरित्रचित्रण, परिवेश र कथात्मक दृष्टिकोण मार्फत प्रस्तुत गरिन्छ (इगल्टन, सन् १९७६, पृ. ९३) । यी तत्वहरूले विभिन्न सामाजिक वर्गबीचको शक्ति सम्बन्धलाई उजागर गर्छन् र प्रणालीगत असमानताको चित्रण गर्छन् (जेम्सन्, सन् १९८१, पृ.२४) भनेका छन् ।

- चरित्रचित्रण (क्यारेक्टराइजेसन): पात्रहरूको व्यवहार, संवाद र कार्यले उनीहरूको वर्गीय अवस्था र सङ्घर्षलाई बुझ्न सकिन्छ ।
- परिवेश (सेटिङ): कथा वा पात्रको सामाजिक-आर्थिक पृष्ठभूमिले भौतिक अवस्था तथा वर्गीय उत्पीडनलाई प्रतिबिम्बित गर्छ ।
- कथात्मक दृष्टिकोण (न्यारेटिभ् प्रस्पेक्टिभ): कथाकारको दृष्टिकोणले प्रचलित विचारधारालाई या त सुदृढ गर्छ वा चुनौती दिन्छ ।

वर्गसङ्घर्षको अध्ययन गर्दा भाषिक संरचना, प्रतीकात्मकता, रूपक र संरचनात्मक विशेषताको गहन विश्लेषण आवश्यक हुन्छ । यसका साथै भाषिक ढाँचाले पनि कथामा वर्गीय स्थिति झल्काउने शब्दावली र अभिव्यक्तिहरू पाउन सकिन्छ । प्रतीकात्मकता र रूपकले पनि आर्थिक असमानता प्रतिनिधित्व गर्ने साङ्केतिक

तत्वहरू पाउन सकिन्छ । संरचनात्मक विशेषताका कारण शोषण र प्रतिरोधलाई उजागर गर्ने कथा संरचना पाउन सकिन्छ  भनेका छन् । यस लेखमा मार्क्सवादी साहित्यिक आलोचना, सांस्कृतिक प्रभुत्व सिद्धान्त र पाठ्य विश्लेषण एकीकृत गरी कथासाहित्यमा वर्गसङ्घर्षको गतिशीलता कसरी कार्यान्वयन हुन्छ भन्ने विषय उजागर गरिएको छ । विशेतः चरित्र, परिवेश र कथात्मक दृष्टिकोणमा निहित वर्गसङ्घर्षलाई यहाँ मुख्य सूचक मानेर निष्कर्षमा पुगिएको छ ।

## चरित्रमा निहित वर्गसङ्घर्ष

पारिजातको *नाटकको चौथो चरण* कथामा सामाजिक यथार्थवादको गहिरो प्रस्तुति पाइन्छ, जहाँ पात्रहरूका माध्यमबाट वर्गसङ्घर्षलाई प्रभावकारी रूपमा चित्रण गरिएको छ । कथाले निम्नवर्गीय पात्रहरूको सङ्घर्ष, असहायता र उनीहरूमाथि भएको शोषणलाई उजागर गर्छ । यसमा तिनको जीवन, भोगाइ, अन्याय र शासनसत्ताले तिनलाई पारेको असरलाई सजीव रूपमा प्रस्तुत गरिएको छ ।

कथाका मुख्य पात्र नैनबहादुर र उनकी पत्नी किस्नेकी आमाले निम्नवर्गीय जीवनको कठोर यथार्थ भोगेका छन् । उनीहरूको स्वास्थ्य, दयनीय भौतिक अवस्था र समाजको उपेक्षित दृष्टिकोणले वर्गीय असमानताको वास्तविक चित्र प्रस्तुत गर्छ । बिरामी पत्नीलाई बोकेर अस्पतालसम्म पु¥याउन नैनबहादुरले गरेको सङ्घषकेवल व्यक्तिगत सङ्घर्ष मात्र नभई समाजमा गरिबहरूको अस्तित्व बचाइराख्ने जीवन-मरणको लडाइँ हो तर अस्पतालको कठोर प्रणाली र संवेदनहीन वातावरणमा उसले आफू असहाय महसुस गर्छ ।

किस्नेकी आमाले, शरीरबाट रगत बगिरहेका बेला, *"बोकेर ल्याइयो भन्ने नाम मात्र असाध्यै दुख्दोरहेछ"* भन्ने संवाद उच्चारण गर्दा गरिबीको असहनीय पीडा झल्किन्छ । यस संवादले गरिबहरूले भोग्नुपरेको अत्याचार र प्रणालीगत अन्यायको गहिराइलाई उद्घाटन गर्छ । कथाले गरिबका लागि स्वास्थ्य सेवामात्र कठिन नभई लगभग पहुँचबाहिर रहेको कटुसत्यलाई चित्रण गर्छ । अस्पताल गरिब बिरामीका लागि बनेको होइन भन्ने यथार्थ प्रस्तुत गरिन्छ, जहाँ गरिबहरूको व्यथा सुन्ने कोही छैन ।

नैनबहादुरको भ्रम– *"हामी गरिबको कोही नहोस् रे, सरकार त छ"* भन्ने छ तर अस्पतालमा पुगेपछि यो चकनाचुर हुन्छ । अस्पतालको वास्तविकता भोगेपछि ऊ सरकारी प्रणालीको असंवेदनशीलता बुझ्छ । त्यहाँका कर्मचारीहरू गरिब बिरामीलाई गम्भीरतापूर्वक लिँदैनन्, बरु "यहाँ होइन, उता लैजाऊ" भन्दै दौडाइरहन्छन् । यसले राज्यसंस्थाको गरिबप्रतिको उपेक्षालाई थप स्पष्ट पार्छ ।

अस्पतालका कर्मचारीहरू कुनै सहानुभूतिबिना नै किस्नेकी आमालाई टेकु अस्पताल लैजान सुझाव दिन्छन् । सम्पन्न वर्गका बिरामीहरू सहजै उपचार पाउँदा गरिबहरू भने अस्पताल-देखि-अस्पताल दौडिन बाध्य हुन्छन् । नैनबहादुरलाई टाढाको अस्पताल जान लगाइएको निर्णयले समाजमा वर्गीय विभाजनको कटुयथार्थ देखाउँछ ।

कथाको सबैभन्दा मर्मस्पर्शी पक्ष किस्नेकी आमाको मृत्यु हो । यो घटनाले निम्नवर्गीय जीवनको मूल्य समाजका लागि कति सस्तो छ भन्ने कुरालाई उजागर गर्छ । समयमै उचित उपचार भएको भए उनी बच्न सक्थिन् तर गरिबहरूको जीवन-मृत्युप्रति राज्यसंस्था संवेदनशील छैन भन्ने कुरा यस घटनाले प्रमाणित गर्छ । मृत्यु भएपछि पनि नैनबहादुर पत्नीको शव गाउँसम्म लैजान रिक्सा वा ट्याक्सी खोज्न सङ्घर्ष गर्न बाध्य हुन्छ । गरिबहरूको लागि जीवन मात्र होइन, मृत्यु पनि सङ्घर्षमय हुन्छ भन्ने कुरा किस्नेकी आमाको शव बोकेर जानसमेत कोही तयार नहुनुले देखाउँछ ।

शव हटाउन मात्र आदेश दिने पुलिस र तमासे भीडको उपेक्षाले समाजको वर्गीय विभाजनलाई झन् स्पष्ट पार्छ । गरिबहरूको दुःखप्रति कसैको सहानुभूति छैन । अन्ततः नैनबहादुरले आफ्नो भ्रम त्याग्छ । *"मैले सरकार चिनें"* भन्ने संवादबाट उसले राज्यसत्ताको वास्तविकता बुझिसकेको सङ्केत पाइन्छ । *"सबै मरेका छन्, तैं मात्र ज्युँदी छेस्"* भन्ने भावुक अभिव्यक्तिले समाज र प्रशासनले गरिब वर्गलाई कसरी निरीह बनाएको छ भन्ने कटुयथार्थलाई उजागर गर्छ । राज्य गरिबहरूको संरक्षक होइन, बरु उनीहरूलाई झन् कमजोर बनाउने संरचना हो भन्ने प्रतीकात्मक सन्देश यस कथाले दिन्छ ।

*नाटकको चौथो चरण* कथाले चरित्रहरूको माध्यमबाट वर्गसङ्घर्षलाई गहिरो रूपमा उजागर गरेको छ । नैनबहादुरको सङ्घर्ष, किस्नेकी आमाको पीडा, अस्पतालको संवेदनहीन व्यवहार, मृत्युपछि देखाइएको उपेक्षा र अन्त्यमा नैनबहादुरको आत्मबोधले समाजमा व्याप्त वर्गीय असमानताको कठोर यथार्थलाई चित्रण गरेको छ । गरिबहरू सरकारबाट सहयोगको अपेक्षा राख्छन्, तर अन्ततः उनीहरू उपेक्षा, शोषण र विभेदकै शिकार बन्छन् । यसरी, नैनबहादुरले पत्नी मात्र गुमाएको छैन, उसले राज्यसत्तामा रहेको आफ्नो विश्वास पनि गुमाएको छ । कथा केवल व्यक्तिगत दुःख मात्र नभई लाखौं निम्नवर्गीय मानिसहरूको जीवनको प्रतिनिधित्व गर्ने सामाजिक यथार्थको दस्तावेज बनेको छ ।

## परिवेशमा निहित वर्गसङ्घर्ष

नाटकको चौथो चरणको कथामा परिवेशले समाजमा व्याप्त वर्गसङ्घर्षलाई प्रभावकारी रूपमा उजागर गरेको छ । गरीब वर्गका प्रतिनिधि पात्र नैनबहादुर (नैन) र उनकी स्वास्नी (किस्नेकी आमा) को सङ्घर्ष केवल व्यक्तिगत पीडा नभएर समाजमा गहिरो रूपमा गाडिएको आर्थिक असमानताको ज्वलन्त उदाहरण हो ।

कथाको सुरुवातमै नैनबहादुर बिरामी स्वास्नीलाई बोकेर बाह्रबिसेको बस स्टपमा ल्याउँछ । सार्वजनिक स्थलको यो चित्रण श्रमजीवी वर्गको कठोर यथार्थलाई दर्शाउँछ, जहाँ उनीहरू सङ्घर्ष, अपमान र विवशताको यात्रामा संलग्न रहन्छन् । यो बस स्टप केवल यात्राको थलो मात्र नभएर समाजको वर्गीय विभाजनको प्रतीक बनेको छ । गरीब वर्गका लागि यो एक अस्थायी आश्रयस्थल हो, जहाँ उनीहरू आफ्नो अस्तित्व जोगाउने प्रयास गर्छन्, तर त्यहाँ पनि उनीहरूलाई राहत र शान्तिको अनुभूति मिल्दैन । बाह्रबिसेको बस स्टेसन जीवन र मृत्युको दोबाटोझैँ चित्रित छ ।

नैनबहादुर आफ्नी स्वास्नीलाई बचाउन वीर अस्पतालसम्म पुऱ्याउँछ, तर त्यहाँको स्वास्थ्य प्रणाली गरीब वर्गका लागि सहज छैन । उसकी स्वास्नी रक्तस्रावले छटपटाइरहेकी हुन्छे, तर अस्पताल प्रशासन उसलाई तुरुन्त उपचार दिन असमर्थ देखिन्छ । *"यहाँ होइन, उता लैजाऊ", "यो बिरामीलाई यहाँ सुताउनु हुँदैन"* जस्ता आदेशहरू सुन्दै नैन एक कोठाबाट अर्को कोठासम्म दौडिरहन्छ ।

यो परिवेशले राज्य संयन्त्रको असक्षमता र विभेदपूर्ण चरित्रलाई उजागर गर्छ । अस्पताल औपचारिक रूपमा सबैका लागि खुला भए पनि व्यवहारमा गरीबहरूका लागि निषेधित बनेको छ । यो संस्थागत हिंसाको उदाहरण हो, जहाँ गरीबहरूलाई निरन्तर प्रक्रियामा अल्झाइन्छ तर वास्तविक सहायता प्रदान गरिँदैन । अस्पताल, जहाँ आर्थिक रूपमा विपन्नहरू सहजै उपचार प्राप्त गर्न सक्दैनन्, वास्तवमा राज्यसंयन्त्रको निर्मम अनुहारको प्रतिनिधित्व गर्छ ।

अस्पतालबाट उपचार नपाएपछि नैन रिक्सा खोज्दै भौतारिन्छ, तर रिक्सावालाहरूले मृत शरीर लैजान अस्वीकार गर्छन्। *"मरेको मान्छे पनि कसैले बीस रुपैयाँमा लान्छ र?"* भन्ने संवादले समाजमा गरीबको अस्तित्व कति नगण्य छ भन्ने कटुयथार्थ दर्शाउँछ । गरीबको जीवन मात्र होइन, मृत्यु पनि समाजका लागि मूल्यहीन छ । काठमाडौंका सडक, अस्पताल र सार्वजनिक यातायात गरीब वर्गका लागि शोषण, अपमान र निराशाको खुला मञ्च बनेका छन् । वर्गसङ्घर्ष कानुनी दस्तावेजहरूमा मात्र सीमित छैन, बरु दैनिक जीवनमै क्रियाशील रूपमा देखिन्छ । काठमाडौँ सहर श्रमजीवी वर्गको शोषणस्थल जस्तो देखिन्छ, जहाँ कथाकारले परिवेशकै माध्यमबाट वर्गीय असमानताको गहिरो चित्रण गरेका छन् ।

कथाको अन्त्यमा नैनले सरकारलाई वास्तविक रूपमा चिन्छ । सरकारी संयन्त्रप्रति राखेको उसको विश्वास पूर्ण रूपमा चकनाचुर हुन्छ र ऊ समाजको कठोर यथार्थ बुझेको अवस्थामा पुग्छ । *"मैले सरकार चिनें"* भन्ने वाक्यले सरकार गरीब वर्गका लागि कति असंवेदनशील छ भन्ने कटुसत्यलाई उजागर गर्छ । सुरुवातमा सरकारप्रति रहेको उसको आस्था अन्त्यसम्म आइपुग्दा पूर्ण रूपमा भत्किन्छ ।

यस कथामा परिवेशले वर्गसङ्घर्षको तीव्र प्रभाव प्रस्तुत गरेको छ । बाह्रबिसेको बस स्टप, अस्पतालको अराजकता, काठमाडौंका सडकहरू र नैनको अन्तिम आत्मस्वीकृतिले श्रमजीवी वर्गको निरन्तर दुःख, निराशा र शोषणलाई बोल्ने आधार बनाएको छ । सरकार, सामाजिक संरचना र संस्थाहरूले गरीब वर्गलाई कसरी पीडित बनाइरहेका छन् भन्ने यथार्थलाई कथाको परिवेशले अत्यन्त प्रभावकारी रूपमा चित्रण गर्छ ।

## कथात्मक दृष्टिकोणमा निहित वर्गसङ्घर्ष

नाटकको चौथो चरणमा कथात्मक दृष्टिकोण नैनबहादुरको माध्यमबाट प्रस्तुत गरिएको छ, जहाँ वर्गसङ्घर्षको यथार्थ चित्रण झल्किन्छ । कथाले नैनमार्फत एक गरीब मजदुर वर्गका मानिसले भोग्नु पर्ने संस्थागत असमानता, शासकीय अकर्मण्यता तथा वर्ग विभाजनको पीडालाई उजागर गर्छ ।

नैनको सोच प्रारम्भमा राज्यप्रति आशावादी देखिन्छ। ऊ विश्वास गर्छ, *"हामी गरिबका कोही नहुन्, सरकार त छ ।"* तर जब ऊ उपचारका लागि अस्पतालका ढोकाबाट ढोकासम्म धाउनुपर्छ, जब उसले सरकारी प्रशासनको संवेदनहीनता झेल्नुपर्छ, ऊ क्रमशः यो बुझ्न पुग्छ कि यो प्रणाली गरिबका लागि होइन । अन्त्यसम्म आइपुग्दा नैनले सरकारको वास्तविक स्वरूप चिन्छ, जुन उसको पूर्ण आत्मबोधको क्षण हो । यहाँ उसले स्वीकार्छ–गरीब वर्गले न्यायको आशा राख्न सक्दैन ।

नैनकी श्रीमती बिरामी परेपछि ऊ अस्पतालमा उपचार खोज्न दौडधूप गर्छ, तर सधैं "यहाँ होइन, उता जाऊ", "टेकु अस्पताल जाऊ", "कालीमाटी चेस्ट क्लिनिकमा फोटो खिच" जस्ता उत्तर मात्र पाइरहन्छ । यो प्रक्रियाले सरकारी संस्थाहरू गरीबका लागि कति निर्दयी र असंवेदनशील छन् भन्ने स्पष्ट पार्छ । आधारभूत सेवा उपलब्ध गराउनुपर्ने संस्थाहरू नै गरीबमाथि अन्यायको अर्को माध्यम बन्दछन् । जस्तै, गरीबको शव बोक्न रिक्सा र ट्याक्सीवालाहरूले अस्वीकार गर्नु–यो वर्गीय विभाजनको अर्को तीतो यथार्थ हो । कथाले एक गहिरो प्रश्न उठाउँछ–धनी वर्गका लागि सहज रूपमा उपलब्ध सेवा गरीबले किन पाउँदैन ? यसले गरीब वर्गको असहायता र सत्ताको शोषणलाई थप ज्वलन्त बनाउँछ ।

कथाको उत्तरार्धमा जब नैनकी श्रीमतीको मृत्यु हुन्छ, ऊ अस्पतालको चिसो सिँढीमा बसेर सोचिरहन्छ । उसको मनबाट सरकारप्रतिको बाँकी रहेको विश्वास पनि तुहिन्छ । तर यसै क्रममा उसले पहिलो पटक सरकारलाई नजिकबाट चिन्छ । यहाँ राजनीति र प्रशासनको कठोर यथार्थ देखाइएको छ –जहाँ गरीबको जीवनको कुनै मूल्य हुँदैन । शासनसत्ताका लागि गरीबको मृत्यु कुनै भावनात्मक क्षति होइन, मात्र एउटा घटना हो । पुलिसको आदेश–"यसलाई चाँडै उठाइहाल"– गरिब वर्गप्रति राज्यको संवेदनहीनताको चरम उदाहरण बन्छ । गरीबका लागि मृत्यु पनि झन्झट मात्र बन्न जान्छ । यहाँनेर आइपुग्दा सत्ता र शक्तिको नाङ्गो यथार्थ झल्किन्छ ।

नैनको दृष्टिकोणबाट कथाले वर्गसङ्घर्षको अर्को महत्वपूर्ण पक्ष उजागर गर्छ–ऊभित्रको मानसिक रूपान्तरण । सुरुवाती चरणमा ऊ आशावादी छ, अस्पतालले उपचार गर्छ भन्ने आशा राख्छ । तर क्रमशः ऊ संशयग्रस्त बन्छ, जब एकपछि अर्को ढोका उसमाथि बन्द हुँदै जान्छन् । अन्त्यसम्म आइपुग्दा ऊ पूर्ण रूपमा चेतनशील बन्छ, जब उसले सरकारको वास्तविक चरित्र चिन्छ । नैनको यो मनोवैज्ञानिक यात्रा नै वर्गसङ्घर्षको चेतनाको यात्रा हो । अन्त्यमा ऊ आफ्नो हार स्वीकार गर्छ, तर ऊ अब संसारलाई नयाँ दृष्टिकोणबाट हेर्न सक्षम भइसकेको छ । नैनमार्फत कथाले वर्गीय पात्रको मानसिक रूपान्तरणलाई सजीव रूपमा प्रस्तुत गर्छ ।

यसरी, *नाटकको चौथो चरण* कथामा गरिब वर्गको सङ्घर्षको निरन्तरतालाई चित्रण गरिएको छ । अन्त्यमा जब नैन बस चढेर फर्किन्छ, ऊ भन्छ–*"के म सितिमिति बिर्सन सक्छु र आज मेरो मुटुमा किला गाडेको दिन?"* यो वाक्यले वर्गसङ्घर्ष कहिल्यै टुङ्गिँदैन, बरु चेतनाको रूपमा नयाँ पुस्तामा सर्ने प्रक्रिया मात्र हो भन्ने देखाउँछ । नैनले सरकारलाई बुझेको छ, वर्गीय असमानतालाई बुझेको छ, तर ऊ फेरि पनि आफ्नो कठोर यथार्थ स्वीकारेर जीवन अघि बढाउन बाध्य छ । यसरी, कथात्मक दृष्टिकोणमार्फत कथा सशक्त रूपमा वर्गसङ्घर्ष, सत्ताको अन्याय, गरिबको जीवनको अवमूल्यन र राज्यप्रतिको भ्रमको खण्डन प्रस्तुत गर्छ ।

## निष्कर्ष

*नाटकको चौथो चरण* कथाको अध्ययनमार्फत नेपाली समाजमा व्याप्त वर्गीय असमानताको वास्तविकता प्रकट भएको छ । पारिजातको कथाले गरिबवर्गको पीडा, राज्यसंयन्त्रको उपेक्षा र सामाजिक विभेदको कठोर यथार्थलाई उजागर गरेको छ । नैनबहादुरको सङ्घर्ष केवल व्यक्तिगत होइन बरु हजारौं श्रमिक वर्गका निम्ति एक प्रतिनिधिमूलक कथा बनेको छ । यस कथाको पात्र, परिवेश र कथात्मक दृष्टिकोणले वर्गसङ्घर्षलाई जिवन्त रूपमा चित्रण गरेका छन् । अस्पतालको संवेदनहीनता, समाजको उदासीनता र राज्यसंयन्त्रको अन्यायपूर्ण व्यवहारले गरीबहरू कसरी निरन्तर उत्पीडित भइरहेका छन् भन्ने देखाएको छ । कथामा किस्नेकी आमाको मृत्यु

एउटा घटनामात्र होइन यो राज्यसंयन्त्रको असफलताको प्रतीक हो जसले गरीबवर्गलाई सहज उपचार पाउने अधिकारबाट बञ्चित गरिरहेको छ । मार्क्सवादी दृष्टिकोणबाट विश्लेषण गर्दा कथाले वर्गीय विभाजनको क्रूर यथार्थलाई उद्घाटन गरेको छ । राज्यसत्ताले गरिबको पीडालाई बेवास्ता गर्नु, श्रमजीवी वर्गको अस्तित्व सङ्कटमा पार्नु र उनीहरूलाई व्यवस्था विरोधी बनाउनु कथाको प्रमुख निष्कर्ष हुन् । यस कथामा वर्गसङ्घर्षको यथार्थपरक प्रस्तुति भएको छ जसले सामाजिक अन्यायप्रति गहिरो प्रश्न उठाएको छ । यस कथाले पाठकलाई के सोच्न बाध्य पारेको छ भने समाजको संरचनात्मक विभेद कहिलेसम्म रहने हो ? यसको समाधान के हो ? यही प्रश्नको उत्तर खोज्नु नै लेखको मुख्य ध्येय हो र *नाटकको चौथो चरण* कथामा विर्गसङ्घर्ष पुष्टि भएको छ ।

## सन्दर्भ सूची


गिरी, अमर (२०६९), 'मार्क्सवादी साहित्य सिद्धान्त', लिखत पाण्डे (सम्पा.), *भृकुटी,* भाग - १५, पृ. १३-४९ ।

चापागाईं, निनु (२०७१), 'प्रगतिवादी साहित्य र यसका विशेषता', राजेन्द्र सुवेदी (सम्पा.), *जुगल सैद्धान्तिक नेपाली समालोचना* (पृ. १४८-१६४), जुगल पब्लिकेसन प्रा.लि ।

चापागाईं, निनु (२०६७), 'मार्क्सवादी समालोचना, विधि र मानदण्ड', घनश्याम ढकाल (सम्पा.), *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,* अखिल नेपाल लेखक संघ ।

लुइटेल, गोविन्द (सन् २०२३), 'नाटकको चौथो चरण कथामा रसविधान', *एकेडेमिक भिउ ९,* टुटा त्रिचन्द्र, १७५-१८६ ।

Althusser, L. (1971). *Ideology and ideological state apparatuses*. In *Lenin and philosophy and other essays* (B. Brewster, Trans.). Monthly Review Press.

Eagleton, T. (1976). *Marxism and literary criticism*. Routledge.

Gramsci, A. (1971). *Selections from prison notebooks*. International Publishers.

Jameson, F. (1981). *The political unconscious: Narrative as a socially symbolic act.* Cornell University Press.

Marx, K. (1992). *Capital: Volume 1*. Penguin Classics. (Original work published 1867)

Williams, R. (1977). *Marxism and literature*. Oxford University Press.